# उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन
विषयको आंशिक आवश्यकता पूरा गर्न तयार पारिएको
शोधपत्र

प्रस्तुतकर्ता
अनिता पौडेल
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०६९

परीक्षा रोल न. :- २१८०१२८ /२०६७
त्रि.वि. द.न.:-६-१-२१४-५-२०००
क्याम्पस रोल न.:-२९

शोधपत्र बुझाएको मिति :-२०६९।७ । १९
शोध स्वीकृत मिति :-२०६९/९/२७
11 Jan 2013

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**जनता बहुमुखी क्याम्पस**

**इटहरी, सुनसरी**

**सिफारिस पत्र**

जनता वहुमुखी क्याम्पस शिक्षाशास्त्र संकाय, इटहरी, सुनसरी स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय की छात्रा श्री अनिता पौडेलले ' उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था ' शीर्षकको शोधपत्र मेरो निर्देशन र सुझाव अनुसार तयार गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

शान्तिराम दाहाल

मिति :- २०६९।७१९

( शोध निर्देशक )

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अर्न्तगत स्नातकोत्तर तह द्धितिय वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागी शोधकर्ता अनिता पौडेलद्धारा तयार पारिएको “उच्च माध्यमिक तहमाअभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था” शीर्षकमा शोध अध्ययन पूरा गरी स्वकिृतिका लागि सिफारिस पेश गर्नु भएकोले यो शोधपत्र मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

क.स. नाम हस्ताक्षर

१. टोलनाथ काफ्ले

...... विभागीय प्रमुख शिक्षाशास्त्र संकाय

२. शान्तिराम दाहाल
शोध निर्देशक

.........................

३. वाह्य सुपरिवेक्षक

..........................

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह पाठ्यक्रम तथा मूल्याङ्कन विषय द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्न यो शोधपत्र तयार गरिएको हो । "उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था" शीर्षकमा केन्द्रित भएर यो शोधकार्य गरिएको हो ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना लेखन कार्यदेखि शोध कार्य पूरा नगरुञ्जेल सम्म महत्वपूर्ण निर्देशन, सल्लाह, सुझाव,हौसला एवं मार्ग निर्देशन गर्नुहुने शोध निर्देशक पाठ्यक्रम तथा मूल्याङ्कन विभागका उप-प्राध्यापक शान्तिराम दाहाल प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसैगरी अनुसन्धान कार्यमा आवश्यक सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने विभागीय प्रमुख, उप-प्राध्यापक टोलनाथ काफ्ले र उप-प्राध्यापक राजन शर्मा प्रति आभार प्रकट गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराउन हुने सुनसरी जिल्लाका धरान र इटहरी नगरपालिकामा संचालित नमुना छनोटमा परेको उच्च मा.वि. तथा विद्यालयका प्राचार्य तथा संयोजक, अभ्यास शिक्षण समिति सदस्य, विद्यालय सुपरिवेक्षक, छात्र शिक्षक तथा अन्य कर्मचारीलाई हार्दिक आभार व्यक्त गर्दछु । उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने बुबा आमा र भाइ प्रति सदैव ऋणी छु । साथै यस शोधपत्रको भाषिक शुद्धता हेर्नुहुने श्री प्रेमदिप प्रधानलाई र शोध कार्यमा सल्लाह तथा सहयोग प्रदान गर्ने मेरा मित्रहरु उमा तिवारी र भिम ब. खवास लगायत सम्पूर्ण मित्रहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस शोधपत्र टङ्कन कार्यमा सहयोग पुऱ्याउनु हुने भेराइटी बुक्स एन्ड स्टेश्नरीकी सचिता पोखेललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति - २०६९।७।१९

अनिता पौडेल

चानुवा ७, धनकुटा

# शोधसार

अभ्यास शिक्षण कार्यक्रम शिक्षाशास्त्रको प्रयोगात्मक तथा केन्द्रिय पक्ष हो । यसको सफल कार्यान्वयनले समग्र शिक्षा संकायलाई सफल तुल्याउँछ । तसर्थ "उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था" पत्ता लगाउन यो अध्ययन गरिएको हो । यसका उद्देश्यहरूमा अभ्यास शिक्षण कार्यक्रम पाठ्यक्रम वा शिक्षण निर्देशिका अनुरूप भए नभएको, उक्त कार्यक्रमले शिक्षण सीपमा ल्याएको परिवर्तन वा प्रभावकारिता पहिचान गर्ने र उक्त कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गरी आउने दिनहरूमा यस कार्यक्रमलाई अझ प्रभावकारी रूपमा लैजान आवश्यक सुझाव प्रस्तुत गर्ने रहेको थियो ।

सुनसरी जिल्लामा सञ्चालित यस अध्ययनले शिक्षा संकाय तर्फ संस्थागत र सामुदायिक रूपमा सञ्चालित उच्चमाध्यमिक विद्यालयहरू मध्ये सुविधाजनक विधिबाट चार वटा उ.मा.वि.लाई छनोट गरी यस अध्ययनका लागि प्रयोग गरेको थियो । यस अध्ययन कार्यमा आवश्यक तथ्याङ्क संकलन गर्न चार वटा उ.मा.वि.का ५/५ गरी २० जना छात्र शिक्षक उद्देश्यमूलक नमूना छनोट विधिबाट छनोट गरिएको साथै प्रत्येक उ.मा.वि. का प्राचार्य तथा संयोजक र प्रत्येक उ.मा.वि.का १/१ जना गरी जम्मा ४ जना अभ्यास शिक्षण समितिका सदस्यहरू पनि उद्देश्यमूलक विधिबाट छनोट गरेको र उद्देश्यमूलक नमूना छनोट विधि प्रयोग गरी ४ जना विद्यालय सुपरिवेक्षक छनोट गरिएको थियो । यस अध्ययन कार्यका लागि आवश्यक तथ्याङ्क संकलन गर्न खुला प्रश्नावली, अन्तर्वार्ता निर्देशिका र दस्तावेज अध्ययनलाई प्रयोग गरिएको थियो ।

यस शोधअध्ययन कार्यमा प्राप्त तथ्याङ्कको विश्लेषण गुणात्मक अनुसन्धान विधिबाट गर्दा उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रमको अवस्था प्रभावकारीनै देखिएपनि उक्त कार्यक्रममा विभिन्न समस्याहरू आएका कारण उक्त कार्यक्रम आशा गरेजति प्रभावकारी नभएको पाइयो । यस कार्यक्रमबाट छात्र शिक्षकहरूमा विभिन्न शिक्षण सम्बन्धि सीप जस्तैः-कक्षाकोठा व्यवस्थापन, पाठयोजना निर्माण, शैक्षिक उद्देश्य निर्माण, शैक्षिक सामग्री निर्माण र प्रयोग, शैक्षिक कियाकलाप, मूल्याङ्कन, विद्यार्थी सहभागिता बढाउने, प्रस्तुतिकरण क्षमता आदिमा विकास भएको पाइयो जसले उक्त कार्यक्रम प्रभावकारी भएको पुष्टि हुन आउँछ ।

यस अध्ययनलाई  समग्रमा हेर्दा शिक्षण संग सम्बन्धित विभिन्न सीपहरूको विकास भएता पनि उचित नीतिको  अभाव, सहयोगी विद्यालयको अभाव, विषयगत सुपरिवेक्षकको अभाव हुनु आदि जस्ता कारणहरूले समस्या उत्पन्न भएको पाइयो । साथै छात्र शिक्षकलाई आवश्यक पृष्ठपोषणको अभावले उद्देश्य निर्माण, प्रस्तुतिकरण गर्ने जस्ता कार्यमा देखिएका समस्याहरूलाई निराकरण गर्न र शिक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नीति नियमहरू कडाइका साथ कार्यान्वयन गरी विषयगत रूपमा सुपरिवेक्षकको व्यवस्थागरी छात्र शिक्षकलाई उक्त कार्यक्रम र  यसमा समावेश गरिने विभिन्न पक्ष प्रति जानकारी दिने र सकारात्मक धारणाको विकास गर्नु पर्ने कुरा यस अध्ययनबाट देखिएको छ ।

## विषय सूची


पेज नं.

आवरण पृष्ठ i
सिफारिस पत्र ii
स्वीकृति पत्र iii
कृतज्ञता ज्ञापन iv
शोधसार v
विषय सूची vii
संक्षिप्त पदावलीहरुको सूची ix

परिच्छेद-एक
परिचय

१.१ अध्ययनको पृष्ठभूमि १
१.१.१ उच्च माध्यमिक शिक्षाको अवस्था २
१.१.२ अभ्यास शिक्षणको ऐतिहासिक विकासक्रम र परिचय ४
१.१.३ अभ्यास शिक्षण कार्यक्रमको उद्देश्य र महत्व ५
१.२ समस्याको कथन ६
१.३ अध्ययनको औचित्य ८
१.४ अध्ययनको उद्देश्य ८
१.५ अध्ययनको परिसीमा ९

परिच्छेद-दुई
सम्वन्धित साहित्यको पुनरावलोकन

२.१ सैद्धान्तिक साहित्यको समीक्षा १०
२.२ सम्वन्धित साहित्यको पुनरावलोकन १२
२.३ अवधाराणात्मक ढाँचा १४

परिच्छेद-तीन
अध्ययनको विधि

३.१ अध्ययनको ढाँचा १५
३.२ जनसंख्या १६
३.३ नमूना छनोट विधि १६
३.३.१ जिल्ला र नगरपालिका छनोट १६
३.३.२ उच्च माध्यमिक विद्यालय र प्राचार्य/संयोजक छनोट १६
३.३.३ छात्र शिक्षक छनोट १६
३.३.४ सहयोगी विद्यालय र विद्यालय सुपरिवेक्षक छनोट १६
३.३.५ अभ्यास शिक्षण समितिका सदस्य छनोट १७
३.४ तथ्याङ्क संकलनका स्रोतहरु १७
३.४.१ प्राथमिक स्रोत १७
३.४.२ गौण स्रोत १७
३.५ साधनको निर्माण १७
३.५.१ खुला प्रश्नावली १८
३.५.२ अन्तर्वार्ता निर्देशिका १८

३.५.३ दस्तावेज अध्ययन १८
३.६ साधनको वैधता १८
३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया १८
३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया १९


परिच्छेद- चार

तथ्याङ्को विश्लेषण र व्याख्या

४.१ अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था २०
४.१.१ कार्यक्रम सम्बन्धि नीतिगत व्यवस्था २०
४.१.२ अभ्यास शिक्षण समिति सम्बन्धमा २१
४.१.३ सहयोगी विद्यालय संग सहमति लिने प्रक्रिया सम्बन्धमा २२
४.१.४ सुपरिवेक्षण सम्बन्धमा २३
४.१.५ पाठयोजना निर्माण सम्बन्धमा २४
४.१.६ शैक्षणिक उद्देश्यको निर्माण सम्बन्धि २४
४.१.७ शैक्षणिक सामग्री र विधि सम्बन्धमा २५
४.१.८ शैक्षणिक क्रियाकलाप र मूल्याङ्कन सम्बन्धि २६
४.२ अभ्यास शिक्षण कार्यक्रमको प्रभावकारिता २७
४.२.१ कक्षाकोठा व्यवस्थापन सम्बन्धमा २७
४.२.२ शैक्षणिक उद्देश्य र सामग्री निर्माण सम्बन्धमा २८
४.२.३ शिक्षण सिकाई क्रियाकलाप र मूल्याङ्कन सम्बन्धमा २८
४.३ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा भएका समस्याहरु २९
४.३.१ अभ्यास शिक्षणसंग सम्बन्धि समस्या २९
४.३.२ कक्षा शिक्षणसंग सम्बन्धि समस्या ३०
४.३.३ प्रश्नपत्र निर्माण सीप सम्बन्धि समस्या ३०


परिच्छेद-पाँच

प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्तिहरू ३१
५.१.१ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धि प्राप्ति ३१
५.१.२ अभ्यास शिक्षण कार्यक्रमको प्रभावकारीता सम्बन्धि प्राप्ति ३२
५.१.३ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या सम्बन्धि प्राप्ति ३२
५.२ निष्कर्ष ३३
५.३ सुझावहरू ३४
सन्दर्भ सामग्री
अनुसूचीहरु

## संक्षिप्त पदावलीहरुको सूचि

यस शोध कार्यमा प्रयोग भएका संक्षिप्त पदावलीको को पूरा अर्थ निम्न अनुसार प्रस्तुत गरिएको छ -

अ.शि.का.:- अभ्यास शिक्षण कार्यक्रम

अ.शि.स. :- अभ्यास शिक्षण समिति

अ.शि.स.स.:- अभ्यास शिक्षण समिति सदस्य

उ.मा.वि.:- उच्च माध्यमिक विद्यालय

उ.मा.शि.प.:- उच्च माध्यमिक शिक्षा परिषद्

छा.शि.- छात्र शिक्षक

प्र.अ.:- सहयोगी विद्यालयका प्रमुख

वि.सु.:- विद्यालय सुपरिवेक्षक